# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४२) काठमाडौं, चैत १७ गते २०४८ साल (अतिरिक्ताङ्क ६८


## भाग ३

### श्री ५ को सरकार

### श्रम मन्त्रालयको सूचना

श्री ५ को सरकारले श्रम ऐन, २०४८ को दफा ८४ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी दश जना भन्दा कम कामदार वा कर्मचारी कार्यरत रहेका उद्योग तथा यातायात व्यवसाय सम्बन्धी प्रतिष्ठानका हकमा देहायका व्यवस्थाहरू आजैका मितिदेखि लागू हुने गरी तोकेको छ ।

१. नियुक्ति-पत्रः– व्यवस्थापकले कुनै कामदार वा कर्मचारीलाई काममा लगाउँदा निजको पद तथा निजले पाउने पारिश्रमिक समेत उल्लेख गरी नियुक्ति-पत्र दिनु पर्नेछ ।

२. काम गर्ने समयः– कामदार वा कर्मचारीलाई प्रति दिन आठ घण्टा वा सप्ताहमा अठचालीस घण्टा भन्दा बढी समय काममा लगाउनु हुँदैन र प्रत्येक सप्ताहमा एक दिन साप्ताहिक बिदा दिनु पर्नेछ ।

३. बढी समय काम गराउँदा बढी ज्याला दिनु पर्नेः– कामदार वा कर्मचारीलाई दिनमा आठ घण्टा वा सप्ताहमा अठचालीस घण्टा भन्दा बढी समय काममा लगाएमा निजलाई सो बढी समयको लागि साधारण ज्याला दरको डेढी ज्याला दिनु पर्नेछ ।

११५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. न्यूनतम पारिश्रमिकः– श्रम ऐन, २०४८ को दफा २१ बमोजिम श्री ५ को सरकारले निर्धारण गरी समय-समयमा राजपत्रमा सूचना प्रकाशित गरी तोकिए बमोजिमको न्यूनतम पारिश्रमिक लागू हुनेछ ।

५. बिदाः– कामदार वा कर्मचारीले वर्ष भरिमा देहायबमोजिम तलबी बिदा पाउनेछः–

(क) सार्वजनिक बिदाः– प्रत्येक वर्ष १३ दिनको पूरा तलबी सहितको सार्वजनिक बिदा पाउनेछ ।

यो बिदा व्यवस्थापक र कामदार वा कर्मचारीले आपसी समझदारी" बाट तोक्नुपर्नेछ ।

(ख) बिरामी बिदाः– एक वर्ष अविच्छिन्न सेवा अवधि पूरा गरेका कामदार वा कर्मचारीले एक वर्षमा १५ दिनसम्म आधा तलबको बिदा पाउनेछ ।

६. सुरक्षाको व्यवस्थाः– (१) स्वास्थ्य र सुरक्षात्मक व्यवस्थाहरूको आवश्यक प्रवन्ध गरी कामदार वा कर्मचारीलाई काममा लगाउनु पर्नेछ । (२) कामदार वा कर्मचारीलाई स्वास्थ्यमा हानी पुग्ने वा चोटपटक लाग्ने गरी भारी उठाउन, बोक्न, ओसार पसार गर्ने कार्य गराउन हुँदैन ।

(३) प्रतिष्ठानको कामदार वा कर्मचारीलाई कामको सिलसिलामा शरीरमा घाउ चोटपटक लागेमा उपचार गराउनु पर्दा सो वापत लाग्ने आवश्यक सम्पूर्ण खर्च व्यवस्थापकले व्यहोर्नु पर्नेछ ।

७. यातायात व्यवसायः– यातायात व्यवसायका सम्बन्धमा माथि दफा १ देखि ६ सम्मका उल्लेखित व्यवस्थाका अतिरिक्त देहायका विशेष व्यवस्थाहरू लागू हुनेछन् –

(क) काम गर्ने समयः– सवारी साधनमा काम गर्ने कामदार तथा कर्मचारी-लाई गन्तव्य स्थानमा नपुगेसम्म काममा लगाउन सकिनेछ ।

तर लामो दूरीमा मानिस ओसारपसार गर्ने सवारी साधनमा अनिवार्य रूपमा आलो पालो गरी चलाउन कम्तीमा दुई जना चालकको व्यवस्था हुनु पर्नेछ ।

(ख) ट्रीप भत्ताः– कामदार वा कर्मचारीलाई दिनमा ८ घण्टा भन्दा बढी समय काममा लगाई वा बढी समय काम गरे वापत पाउने सामान्य

११८८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तलबको डेढी दिनु पर्नेमा ट्रीप भत्ता, खुराकी भत्ता वा अन्य यस्तै भत्ता दिएको अवस्थामा सो डेढी तलब वा भत्तामा जुन बढी हुन्छ सोही पाउनेछ ।

(ग) सवारी साधन बिग्रेको तथा रोलमा नपरेको अवस्थामा पचास प्रतिशत भत्ता पाउनेः- चालू रहेको सवारी साधनमा काम गर्ने कामदार वा कर्मचारीलाई गन्तव्य स्थानमा नपुग्दै सवारी साधन बिग्री चल्न नसक्ने अवस्था भएको वा रोलमा नपरी पालो नआएको कारणले एकै स्थानमा सवारी साधन रोकी राख्नु परेको अवस्थामा निजहरूले सवारी साधन चालू रहेको अवस्थामा पाउने गरेको भत्ताको पचास प्रतिशत भत्ता पाउनेछ ।

(घ) दुर्घटना बीमा:- व्यवस्थापकले चालू रहेको सवारी साधनमा काम गर्ने कामदार वा कर्मचारीको दुर्घटना बीमा गर्नु पर्नेछ ।

(ङ) प्राथमिक उपचार सम्बन्धी सामग्री :- यातायात व्यवसाय संचालकले प्रत्येक सवारी साधनमा आवश्यक औषधि र प्राथमिक उपचारका पर्याप्त सामग्रीहरू राख्नुपर्नेछ ।

(च) मादक पदार्थको सेवनमा प्रतिबन्धः- मानिस, जीवजन्तु वा मालवस्तु ओसारपसार गर्ने सवारी साधनमा काम गर्ने कामदार वा कर्मचारीले सवारी साधन चलाउनु अघिदेखि गन्तव्य स्थानमा नपुगेसम्म मादक पदार्थको सेवन गर्न पाइने छैन ।

आज्ञाले,
डा. प्रभा बस्नेत
श्री ५ को सरकारको का. मु. सचिव

११८९



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१९३०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।